अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


बबई राजपत्र

बबई गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ बबई दाङ, संख्याः ७ मितिः २०७९/१०/२९


भाग-२

बबई गाउँपालिका

# गाउँपालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९

# गाउँपालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९

प्रस्तावनाः-

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जुन विशेष ऐनको रुपमा रहेको छ । यस विशेष ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० अनुसार मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि केन्द्र देखि स्थानीय तह सम्म समितिहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ । यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार विगतमा केन्द्रिय समिति, जिल्ला समिति र स्थानीय समितिहरु गठन तथा परिचालन गरि रोकथाम, संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसारप्रसारलाइ नियन्त्रण गर्ने विविध कार्यहरु गरिरहेको छ । यसै अनुसार स्थानीय स्तरमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाउँपालिका स्तरीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संविधानको भाग ३ को धारा २९ मा उल्लेखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचविखन गर्न, दास वा बँधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघीय राज्यको ब्यवस्था मुताविक स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर्गत स्थानीय तह संचालन हुँदै आइरहेका छन् । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताविक मानव बेचविखन तथा ओसारपसार नियन्त्रण गाउँपालिका स्तरीय तथा वडा समिती गठन गर्न, कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अनुसार अनुगमन तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले बबई गाउँपालिकाले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९ जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "मानव बेचविखन तथा ओसारप्रसार नियन्त्रण समिती (गठन तथा परिचालन) कार्यविधि २०७९" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "स्थानीय तह" भन्नाले बबई गाउँपालिका सम्झनु पर्दछ ।

ख) "वडा कार्यालय" भन्नाले बबई गाउँपालिका वडा नं १ देखि ७ नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले मानव बेचविखन तथा ओसारप्रसार नियन्त्रण समिति सम्झनु पर्दछ ।

घ) "गाउँपालिका स्तरीय समिति" भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण बबई गाउँपालिका स्तरीय समिती सम्झनु पर्दछ ।

ङ) "वडा समिति" भन्नाले मानव बेचबिखन तथा ओसारप्रसार नियन्त्रण बबई गाउँपालिकाका वडा नं १ देखि ७ नम्बर सम्मका सबै वडामा गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २
## गाउँपालिका स्तरीय समिति

३. मानव बेचविखन तथा ओसारप्रसार नियन्त्रण गाउँपालिका स्तरीय समिति सम्बन्धी व्यबस्था देहाय बमोजिम हुनेछः (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसारप्रसारलाई नियन्त्रण गर्नका लागि बबई गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिका स्तरीय समिति रहने छ ।

तपसिल :

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| ५) प्रमुख, ईलाका प्रहरी कार्यालय | सदस्य |
| ६) स्थानीय तह भित्रको सबैभन्दा उच्च तहको विद्यालय मध्येवाट अध्यक्षले तोकेको प्रधानाध्यापक १ जना | सदस्य |
| ७) संयोजक, पालिका स्तरीय बाल सञ्जाल समिति | सदस्य |
| ८) प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ९) संयोजक, रोजगार सेवा तथा सूचना केन्द्र | सदस्य |
| १०) प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा | सदस्य |
| ११) प्रमुख, कृषि विकास शाखा | सदस्य |
| १२) प्रमुख, पशु सेवा शाखा | सदस्य |
| १३) समितिले मनोनयन गरेको स्थानीय स्तरको पत्रकार महासंघको प्रतिनिधि १ जना | सदस्य |
| १४) अध्यक्ष, पालिका स्तरीय उद्योग वाणिज्य संघ | सदस्य |

१५) प्रमुख, सामाजिक विकास शाखा — सदस्य

१६) बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा काम गर्ने गै.स.स.संस्थाको प्रतिनिधि, मध्यवाट समितिले मनोनित गरेको १ जना — सदस्य

१६) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट समितिले मनोनीत गरेको एक जना — सदस्य

१७) महिला स्वयम सेविका मध्येवाट समितिले मनोनित गरेको — सदस्य

१८) प्रमुख महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा — सदस्य सचिव

४. गाउँपालिका स्तरीय समितिले कानुनी संरचनागत, कार्य विधीगत तथा अन्य आवश्यक विषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायसंग समन्वय गर्नेछ ।

## परिच्छेद - ३
## गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार

५. गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

२) मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने ।

३) पीडित सहायताका लागि आवश्यक अन्तर निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।

४) स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखन विरुद्धका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने ।

५) स्थानीय तहमा सरोकारवालाहरु माझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

६) स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गै.स.स. तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।

७) प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने ।

८) पालिका स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

९) गाउँपालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

## परिच्छेद - ४
## वडा स्तरीय समिती

६. मानव बेचविखन विरुद्धको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ :

१) वडाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह बाल क्लब, स्थानीय पत्रकार, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वंयमसेविका तथा स्थानीय विद्यालयका शिक्षक शिक्षिका, स्थानीय प्रहरी आदीको उपस्थितीमा वडा स्तरीय भेला गर्ने । उक्त भेला वडा अध्यक्षको अध्यक्षतामा बस्ने छ ।

२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडा स्तरीय समिति गठन गर्नेछ ।

७. वडा स्तरीय समिती सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ,

१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्नसक्ने ब्यवस्था रहेको र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि बबई गाउँपालिकाले प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिति गठन गर्नेछ ।

तपसिल :

| | |
|---|---|
| १) वडा अध्यक्ष | संयोजक |
| २) सम्वन्धित वडाको महिला सदस्य १ जना | सदस्य |
| ३) सिमान्तकृत तथा दलित समुदायबाट १ जना महिला | सदस्य |
| ४) महिला समूह/किशोरी समूहवाट १ जना | सदस्य |
| ५) बाल क्लबको अध्यक्ष १ जना | सदस्य |
| ६) प्रधानाध्यापक, वडा भित्रका सबै भन्दा उच्चतहको विद्यालय, १ जना | सदस्य |
| ७) प्रमुख, स्थानीय स्वास्थ्य केन्द्र १ जना | सदस्य |
| ८) प्रमुख, स्थानीय प्रहरी कार्यालय | सदस्य |
| ९) स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना | सदस्य |
| १०) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित वडा अध्यक्षले मनोनीत गरेको १ जना | सदस्य |
| ११) वडा सचिव | सदस्य सचिव |

## परिच्छेद - ५

## वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

८. वडा स्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) मानव बेचबिखन तथा ओसारप्रसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

२) आफनो कार्यक्षेत्र भित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।

३) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

४) वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

९. विविध :

१. बाझिएको हद सम्म अमान्य : यो कार्यविधिमा प्रावधान संघिय तथा प्रदेश कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२. भए गरेको मानिने : यस अघि यस गाउँपालिकाबाट यस सम्बन्धि भए गरेका काम कारवाहि यसै बमोजिम भए गरेको मानिने छ ।

३. वाधा अडकाउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा बाधा अड्काउ कार्यपालिकाले निणर्यले गर्न सकिने छ ।

आज्ञाले,
मुक्तिनन्द रावल
प्रमुख प्रशासकिय अधिकृत